सुचना क्रम सख्या: ४

# कृषि ज्ञान केन्द्र, अर्घाखाँची

## अनुसची-३४ (दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

## कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वानको सूचनाको ढाँचा

प्रथम पटक सूचना प्रकाशन मिति: २०८०।०८।१८

कृषि ज्ञान केन्द्र, अर्घाखाँचीको आर्थिक बर्ष २०८०।८१ को वार्षिक स्वीकृत कार्यक्रम तथा कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० अनुसार तपशिलको कार्यक्रममा सहभागि हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र (मिति २०८० पौष ०८ गते सम्म) यस कार्यालयमा तपसिलको कागजातहरू सहित निवेदन/प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नु पर्ने कागजात, सञ्चालन यस कार्यालयको सूचनापाटी/वेवसाईट(https://akcarghakhanchi.gov.np) तथा फेस बुक पेज बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यालयको ०७७-४२०१२६/९८५७०६३९२६ नम्बर सम्पर्क गरी सुचना प्राप्त गर्न सकिने छ ।

तपसिल

| क्र.स | कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरू | न्यूनतम मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | आवेदकको किसिम | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|
| १ | सिंचाई सहित कृषि विकास कार्यक्रम | • सोलार सिंचाई, थोपा सिंचाइ, लिफ्ट सिंचाई, बोरिङ्ग, मोटर, पाइप, ड्रिप तथा स्प्रिङ्कलर, पम्पसेट लगायतका सिंचाई सामग्री खरिद,<br>• सिंचाई कुलो/पोखरी, स्यालो/डिप वोरिङ्ग, लिफ्ट सिंचाई निर्माण तथा सुधार। | • निजीको हकमा न्यूनतम ५ रोपनी) र सामुदायिक को हकमा २.५ हे. सिंचित क्षेत्र विस्तार गर्नुपर्ने, | जिल्ला भरी<br>(यस अघि अनुदान नपाएकालाई प्राथमिकता दिने, विपन्न तथा सिमान्तकृत वर्गलाई प्राथमिकता दिने) | • कृषक/फर्म /कम्पनी/ कृषक समूह/सहकारी/जल उपभोक्ता समिति सहभागी हुन सक्ने, | • पूर्वाधार निर्माणको हकमा कुल लागतको अधिकतम ७५ प्रतिशत र अन्य (मोटर, पम्पसेट, डेलिभरी पाईप, १ ईन्च वा सो भन्दा मुनिका पाईप) को हकमा अधिकतम ५० प्रतिशत,समूह/सहकारीको हकमा अधिकतम रु ५ लाख र व्यक्तिगत फर्म/ कम्पनीको हकमा अधिकतम रु १ लाख ५० हजार अनुदान। (विनियोजित कुल रकम ६० लाख) |

संलग्न गर्नु पर्ने कागजातहरू:

१. प्रस्तावकको निवेदन। (अनुसूची ३५ बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।
५. कार्यक्रमको प्रकृति अनुसार कार्यक्रम सञ्चालनार्थ अनुसुची-३८ बमोजिमको व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव ।
६. सम्बन्धित स्थानीय तह कृषि शाखाको सिफारिस पत्र।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा।
१०. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र)।

..................

बुद्दिराज घिमिरे
प्रमुख